# कालिका नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

रेडक्रसग्राम,चितवन

## नगर कार्यपालिका बैठक निर्णय

| बैठक संख्याः | ५४ | समयः | बिहानः ८.०० मितिः | २०८२/०६/०८ |
|---|---|---|---|---|
| प्रस्ताव नं | प्रस्ताव गर्ने शाखा | प्रस्ताव | निर्णय | |
| १ | खरिद शाखा | मिति २०८२/०५/२३ र २४ गते जेनजी (Ge-Z) पुस्ताको आन्दोलनको क्रममा कालिका नगरपालिका,वडा कार्यालय र स्वास्थ्य संस्था पूर्णरुपमा क्षेतीग्रस्त भएको हुदाँ हाल बैकल्पिक व्यवस्था गरी सेवा सुचारु सम्बन्धमा। | मिति २०८२/०५/२३ र २४ गते जेनजी (Ge-Z) पुस्ताको आन्दोलनको क्रममा क्षेतीग्रस्त कालिका नगरपालिका,वडा कार्यालय, स्वास्थ्य संस्थाहरुमा भौतिक पूर्वाधार लगायतको क्षेती भएको हुदाँ हाललाई बैकल्पिक व्यवस्था गरी अति आवश्यकीय सेवा सुचारु गर्नका लागि वडा कार्यालयबाट खरिद प्रकृया पुरा गरी १ लाख सम्मको निर्माण तथा खरिद कार्यका लागि वडा कार्यालयलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो। | |
| २ | योजना शाखा | नगरपालिका र वडा कार्यालयका कार्यक्रम र योजनाहरुको सम्झौता यथावत राख्ने सम्वन्धमा। | मिति २०८२/०५/२३ र २४ गते जेनजी (Ge-Z) पुस्ताको आन्दोलनको क्रममा क्षेतीका कारण नेपाल सरकार र प्रदेश सरकारबाट स्थानीय तहमा प्राप्त हुने अनुदान कटौती भइ नगरसभाबाट बिनियोजित बजेट तथा कार्यक्रम सम्पन्न गर्न कठिनाई हुने समस्या आउन सक्ने हुँदा हाललाई नगरपालिका र वडा कार्यालयबाट सञ्चालन हुने योजनाहरुको सम्झौता यथावत राख्ने निर्णय गरियो। | |
| ३ | आर्थिक प्र. शाखा | साविक स्थानीय तह (गाविस) मा स्थायी नियूक्ती भइ हाल नगरपालिकामा समायोजन भएका र अनिवार्य अवकाशमा पर्नु भएका कर्मचारीहरुको उपदान,औषधी उपचार र सञ्चित विदाको रकम भूक्तानी सम्वन्धमा। | साविक स्थानीय तह (गाविस) मा स्थायी नियूक्ती भइ हाल नगरपालिकामा समायोजन भएका र अनिवार्य अवकाशमा पर्नु भएका देहाय अनुसारका कर्मचारीहरुको उपदान,औषधी उपचार र सञ्चित विदाको रकम कालिका नगरपालिकामा रहेको कर्मचारी कल्याँण कोष शिर्षकबाट देहाय अनुरसारको रकम भूक्तानी गर्ने निर्णय गरियो।<br>तपसिल<br>१ अनिवार्य अवकाश प्राप्त कार्यालय सहयोगी (सहायकस्तर पाँचौं)<br>श्री सन्ते बोट रु.३८६४४७४/<br>२ अनिवार्य अवकाश प्राप्त कार्यालय सहयोगी (सहायकस्तर पाँचौं)<br>श्री गंगा प्रसाद ढकाल रु.३५८०३६८/ | |
| ४ | प्रशासन शाखा | बिजया दशमी तथा शुभ दिपावली २०८२ को शुभकामान आदान प्रदान सम्बन्धमा। | बिजया दशमी तथा शुभ दिपावली २०८२ को पावन अवसरमा कालिका नगरपालिका ,कार्यपालिका सदस्य,समस्त कर्मचारी,वडा सदस्यहरु लगायत नगरवासीहरुमा शुभकामान व्यक्त गर्ने। | |

देवराज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

विनोद रेग्मी
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| ५ | जिन्सी शाखा | जुटपानी प्रहरी चौकीको प्रयोगको लागि जिल्ला प्रहरी कार्यालयबाट प्राप्त ना १ झ १३१२ नंम्वरको चारपाङग्रे सवारी साधन मर्मत सम्वन्धमा। | जुटपानी प्रहरी चौकीको प्रयोगको लागि जिल्ला प्रहरी कार्यालयबाट प्राप्त ना १ झ १३१२ नंम्वरको चारपाङग्रे सवारी साधन (गाडी) यान्त्रीक उपकरण सञ्चालन तथा व्यवस्थापन समितिको निर्णयानुसार कालिका नगरपालिकाबाट मर्मतका लागि पठाईएकोमा उक्त सवारी साधन शुभम अटो इन्टरनेशनलबाट मर्मत भइ बील रकम रु.४५८३६२ (अक्षरेपी चार लाख अन्ठाउन्न हजार तिन सय बैसठ्ठी मात्र) प्राप्त भएको हुँदा उक्त रकम भूक्तानी गर्ने निर्णय गरियो। | |
| ६ | योजना/पूर्वाधार | ठेक्का नं 022/WORK/NCB/KM/077/078 ठेकेदारः अर्भान कन्ट्रक्शन भरतपुर -१ (गोपी लामा चोक देखि उदयपुर समुदायिक वन र काठेपुल देखि रुम्वाटोल कालिका -७ कालो पत्रे) योजनाको ठेक्का रद्ध गरी कालो सुचिमा पठाउने सम्वन्धमा। | योजना/पूर्वाधार विकास र आर्थिक शाखाबाट पेश भए बमोजिम नगर प्रमुख स्तरिय मिति २०८२/०६/०७ को निर्णयानुसार सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार ठेक्का नं 022/WORK/NCB/KM/077/078 ठेकेदारः अर्भान कन्ट्रक्शन भरतपुर -१ (गोपी लामा चोक देखि उदयपुर समुदायिक वन र काठेपुल देखि रुम्वाटोल कालिका -७ कालो पत्रे) योजनाको ठेक्का रद्ध गरी कालो सुचिमा पठाउने र बाँकी कार्यको खरिद प्रकृया अगाडी वढाउने निर्णय गरियो। | |
| ७ | योजना/पूर्वाधार | ठेक्का नं 025/WORK/NCB/KM/077/078 ठेकेदारः अर्भान कन्ट्रक्शन भरतपुर -१ (मदन आश्रित चोक देखि पश्चिम कविता न्यौपानेको घर सम्मको बाटो कालो पत्रे) योजनाको ठेक्का रद्ध गरी कालो सुचिमा पठाउने सम्वन्धमा। | योजना/पूर्वाधार विकास र आर्थिक शाखाबाट पेश भए बमोजिम नगर प्रमुख स्तरिय मिति २०८२/०६/०७ को निर्णयानुसार सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार ठेक्का नं 025/WORK/NCB/KM/077/078 ठेकेदारः अर्भान कन्ट्रक्शन भरतपुर -१ (मदन आश्रित चोक देखि पश्चिम कविता न्यौपानेको घर चोक बाटो कालो पत्रे कालिका -४) योजनाको ठेक्का रद्ध गरी कालो सुचिमा पठाउने र बाँकी कार्यको खरिद प्रकृया अगाडी वढाउने निर्णय गरियो। | |
| ८ | पूर्वाधार विकास | कार्यालयको मर्मत सम्भार सम्वन्धमा। | मिति २०८२/०५/२३ र २४ गते जेनजी (Ge-Z) पुस्ताको आन्दोलनको क्रममा भएको तोडफोड तथा आगजनीबाट क्षेती पुगेका वडा कार्यालय,स्वास्थ्य संस्था,नगरपालिका कार्यालय तथा अन्य बिषयगत शाखा (महिला सञ्जाल भवन,पशु बिकास शाखा र कृषि बिकास शाखा आदी) को मर्मत सम्भार गरी छिटो भन्दा छिटो कार्यालय सञ्चालन गर्नु पर्ने देखिएको हुँदा प्राबिधिक लगत अनुमानको आधारमा ठेक्का तथा अमानत र उपभोक्ता समिति मार्फत मर्मत सम्भार गर्ने गराउने निर्णय गरियो। | |

विनोद रेग्मी
नगर प्रमुख